# आर्थिक बर्ष २०८१र०८२ को

# बजेट बक्तव्य

चँखेली गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय पिप्लाङ्ग,हुम्ला

कर्णाली प्रदेश, नेपाल

२०८१

गाँउसभाको बैठक

मिति २०८१ साल असार १० गते सोमबार

प्रस्तुतकर्ता गाँउपालिकाका उपाध्यक्ष श्री प्रेमकला शाही ज्यू

# आर्थिक बर्ष २०८१ र ०८२ को बजेट बक्तव्य

चँखेली गाँउपालिका

पिप्लाङ्ग हुम्ला

२०८१

सम्मानित अध्यक्ष ज्यू ,

गाँउसभाका सदस्य ज्यूहरु,

उपस्थित महानुभावहरु,

चंखेलीबासी दाजुभाइ तथा दिदिबहिनीहरु

यस चँखेली गाँउपालिकाको गरिमामय १३ औं गाउँसभामा बजेट बक्तव्य पेश गर्न पाउँदा आफुलाई भाग्यमानी महसुस गरेको छु । साथै नेपालको विभिन्न चरणका लोकतान्त्रिक जन आन्दोलन तथा बिभिन्न आन्दोलनमा आफ्नो जिवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

चँखेली गाँउपालिकाले प्रस्तावित निति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मुलतः नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानिय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानिय सरकार शासन संचालन ऐन (२०७४) र बिभिन्न नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन,खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास,वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती र टोल स्तरबाट छनौट गरिएका आयोजना र कार्यक्रम, वडा स्तरीय आयोजना र कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउकार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय १३ औं गाँउसभामा आगामी आ.व.२०८१/०८२ कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता  सास्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस चंखेली गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको चँखेली गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच, दृढ संकल्प र सामुहिक ईच्छाशक्तिका साथ यस चँखेली गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी चँखेली

गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले विकसित र समृद्ध चँखेली गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन । सभा अध्यक्ष ज्यू तथा सभा सदस्य ज्यू हरु

अब म आ.व. २०८१ / ०८२ को प्रस्तावित बजेट तथा आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व. २०८१/०८२ को लागि चँखेली गाँउपालिकाको कुल प्रस्तावित बजेट रु ३४,५२,९१,०००। रु ३४ करोड ५२ लाख ९१ हजार रुपैया हुन आएको छ । जसमा चालु तर्फ २४ करोड ८६ लाख ९१ हजार (७२.०२%) र पुजिगत तर्फ ९ करोड ६६ लाख (२७.९८%) विनियोजन गरिएको छ ।

| श्रोत | रकम रु. अक्षरमा |
|---|---|
| संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | १३ करोड ९४ लाख २३ हजार |
| संघीय सरकारबाट प्राप्त विशेष अनुदान | १ करोड ४० लाख |
| संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान | ६ करोड ८८ लाख |
| संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ७ करोड ४८ लाख |
| प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | २ करोड ७१ लाख १८ हजार |
| प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान | ६१ लाख ५० हजार |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ८० लाख |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ५० लाख |
| आन्तरिक स्रोत | २० लाख |
| जम्मा | ३४ करोड ५२ लाख ९१ हजार मात्र |

सम्मानित अध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरु,

अब म विषयगत समितिमा विनियोजोन गरेको बजेट सिलिङ प्रस्तुत गर्न चाहान्छु ।

| विषयगत क्षेत्र | बजेट रकम रु. अक्षरमा |
|---|---|
| आर्थिक विकास | २५ लाख |
| सामाजिक विकास | १ करोड पचासी लाख |
| पुर्वाधार विकास | १ करोड |
| विपद् | २० लाख |
| न्याय | ५ लाख |
| महिला विकास | १० लाख |
| दलित | १० लाख |
| जम्मा | |

## संघीय सर्शत अनुदान तर्फको बजेट विवरण

| कार्यक्रम | बजेट रकम रु. अक्षरमा |
|---|---|
| अति गरिव परिवारहरुका लागि कम्तिमा १० जनाका लागि हुने गरि साझा सुविधा केन्द्र स्थापना | ५ लाख |
| MIS अपरेटर र फिल्ड सहायकको पोषाक भत्ता | २० हजार |
| स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघिय सरकारले व्यहोर्ने ७ महिना को पारिश्रमिक बापतको रकम | २ लाख ३१ हजार |
| तोकिएको विद्यार्थिको दिवा खाजाको लागि विद्यालयलाई अनुदान | ८३ लाख ६१ हजार |
| विपद समयमा सिकाई अपुरण तथा दुर्त सिकाइ योजना | ४लाख |
| आधारभूत तहमा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ९ लाख ३३ हजार |
| नियमित तथ्याङ्कको गुणस्तर विद्धका लागि स्वास्थ्य संस्थाहरुको मासिक बैठक डाटा भिरफिकेशन तथा भ्यालिडेसन एवम् अर्धवार्षिक र बार्षि समिक्षा | २ लाख ३० हजार |
| स्थानीय तहका MIS अपरेटरको लागत साझेदारी संघिय सरकारले व्यहोर्ने ७ महिना को पारिश्रमिक बापतको रकम | २ लाख ४४ हजार |
| माध्यामिक तहमा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १७ लाख ४९ हजार मात्र |
| शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | १४ लाख ९९ हजार |
| विद्यालयमा शैक्षिक गुणस्तर सुध्रिढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २५ लाख |
| विपन्न लक्षित छात्रवृति ६ देखि १२ कक्षा सम्म | १ लाख ८४ हजार |
| पोषणमैत्री स्थानीय शासन प्रवद्धन | १५ लाख |
| स्थानीय तहको साझेदारी नियमित खोप सुद्धिढीकरण पुर्ण खोप सुनिश्चितता र दिगोपनका लागि स्वास्थ्य क्रमिबाट वडामा घरधुरी सर्वेक्षण पालिकाबाट वडा भेरिफिकेसन अनुगमन तथा प्रमाणिकरणको व्यवस्थापन खर्च | २ लाख ८४ हजार |
| किशोर किशोरी स्वास्थ्य सेवा | ८४ हजार |
| प्रजनन रुग्णता स्वास्थ्य सेवा | ६७ हजार |

| | |
|---|---|
| रोजगारीमा खटिनु पुर्व अभिमुखिकरण कार्यक्रम | ३० हजार |
| रोजगार आयजनाहरुको अनुगमन | ४५ हजार |
| रोजगार सहायकको स्थानीय भत्ता | १ लाख १६ हजार |
| प्राविधिक सहायकको तलब | ५ लाख |
| सहिद पार्क निर्माण चंखेली ६ | ९० लाख |
| माध्यमिक तहका स्विकृत दरबन्दी राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | ६९ लाख ९५ हजार |
| स्थानीय तहका स्वास्थ्य शाखा,स्वास्थ्य चौकी,स्वास्थ्य केन्द्र मा कार्यरत स्थायी कर्मचारीको दरबन्दी अनुसारको तलब भत्ता | १ करोड ७६ लाख |
| परिवार योजना सेवा | ७० हजार |
| राष्टिय महिला स्वास्थ्य स्वयम् सेविका कार्यक्रम | ७ लाख ९२ हजार |
| स्थानीय तहको रोजगार रणनिति तर्जुमा तथा अन्तरिक रोजगारी प्रवद्धन कार्यक्रम | १ लाख |
| सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण | १ लाख ४० हजार |
| कृषि पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम | ६० हजार |
| छाला झोलुङ्गे पुल | १० लाख |
| स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | १ करोड ३० लाख |
| सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड व्यवस्थापन | ५ लाख १० हजार |
| स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रम | १ लाख १३ हजार |
| रोजगार संयोजकको स्थानीय भत्ता | १ लाख १६ हजार |
| रोजगारी सृजना नेपाल सरकार | १६ लाख २२ हजार |
| रोजगार सेवा केन्द्रका लागि मसलन्द खर्च | १ लाख |
| प्राविधिक सहायकको स्थानीय भत्ता | १ लाख १६ हजार |
| कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिक तलब भत्ता | ३ लाख ४४ हजार |
| बहुक्षेत्रिय पोषण कार्यक्रमका पोषण सहज कर्ताको पारिश्रमिक | ३ लाख ३५ हजार |
| समुदायलाई क्षयरोग सम्बन्धि घरदैलो अभिमुखिकरण खोजपटताल कार्यक्रम तथा पाँच वर्ष मुनिका बालवालिकामा क्षयरोग सम्बन्धी TPT कार्यक्रम | ८७ हजार |
| पोषण कार्यक्रम | २ लाख ६४ हजार |
| स्थानीय तह तर्फ मातृ तथा नव शिशु कार्यक्रम | ९ लाख |
| कार्यस्थल सुरक्षा सामाग्री | १ लाख २५ हजार |
| रोजगारी सृजना IDA | ३२ लाख |
| गरिविनिवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन | २ लाख ४० हजार |
| सबै जिल्लाका कम्तिमा दुइ स्थानीय तह रहने गरी मानव | ८ लाख ९० हजार |

| | |
|---|---|
| विकास सुचाङ्कमा पछाडि परेका जम्मा १११ स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम | |
| सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि छात्रवृत्ती | ६ लाख ५६ हजार |
| विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १३ लाख ७५ हजार |
| सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान | ६लाख २५ हजार |
| आकस्मिक अवस्थामा औषधी यवम् ल्याब सामाग्री ढुवानी तथा अर्धबार्षिक समिक्षा तथा कोहर्ट विश्लेशण | १ लाख |
| अन्य विविध खर्च चियापानी खर्च | २४ हजार |
| गरिवी निवार्णका लागि लघुउद्यम विकास मोडलमा नयाँ लघुउद्यमी सृजना गर्ने | ९ लाख २० हजार |
| इपिडेमियोलोजिकल रिपोर्टिङ्ग | १२ हजार |
| महामारी/आकश्मिक रोग नियन्त्रण कार्यक्रम | ८० हजार |
| चंखेली गाउँपालिका २ खारखोला देखि बुडिमेला सम्म सडक स्तरउन्नती | ३० लाख |
| प्रारम्मभिक बालविकास सहजकर्ताको पारिश्रमिक | ६४ लाख २७ हजार |
| प्रति विद्यार्थी लागतका आधारमा सिकाई तथा डिजिटल सिकाई सामाग्री अनुदान | ७ लाख २९ हजा |
| सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १४ लाख ४३ हजार |
| एच.पि.भी.खोप अभियान तथा नियमित खोपमा सुरुवातको लागि कार्यक्रम सञ्चालन तथा | ३ लाख २ हजार |
| स्थानीय तह मार्फत मात्री तथा नव शिसु कार्यक्रम सञ्चालन | ११ लाख ३६ हजार |
| आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औसधि खरिदका लागि | १० लाख ८३ हजार |
| रोजगार संवाद मञ्च सञ्चालन | ३० हजार |
| रामशाह आधारभुत विद्यालयको भव निर्माण क्रमागत आयोजना | १ करोट ४० लाख |
| किसान सुचिकरण कार्यक्रम | १ लाख |
| कृषि स्नातक करार | ५ लाख २५ हजार |
| आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदा शिक्षकका लागि तलव भत्ता अनुदान (विशेष शिक्षा परिसद अन्तर्गतका शिक्षक कर्मचारी समेत ) | ४ करोट ७४ हजार |
| शैक्षिक शुसानका लागि सस्थागत क्षमता विकास,विद्यार्थि परिक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा बिद्यालय सुपरिबेक्षण | ७ लाख ६४ हजार |
| रोजगार संयोजकको तलव | ४ लाख ५२ हजार |

| | |
|---|---|
| श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धि क्रियाकलाप | १ लाख |
| रोजगार सहायकको तलव | ५ लाख |
| आ.व. २०८१/०८२ मा नया बाख्रा पकेट विकास कार्यक्रम | १५ लाख |
| बिश्व रक्तचाप तथा आत्महत्या न्युनिकरण दिवस मनाउने | २० हजार |
| महामारी जन्य रोगको रोकथाम, अनुसन्धान र नियन्त्रण कार्यको लागि द्रुत पर्तिकार्य टोली अभिमुखिकरुण र स्वास्थ्य आपतकालिन अवस्थामा RRT पिचालन | १ लाख |
| जुनौटिक रोगहरु,AMR सम्वन्धि पैरवि तथा अभिमुखिकरण कार्यक्रम AMR DAY, Rabies DAY | २० हजार मात्र |

प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदान अन्तर्गतका कार्यक्रम

| सि.नं | कार्यक्रम | रकम |
|---|---|---|
| १ | चुरेरुख देखि स्कुल सम्म खानेपानी योजना चंखेली ६ | १५ लाख |
| २ | भिटा घरदेखि मालिका सम्म पदमार्ग चंखेली ४ | १५ लाख |
| ३ | पशु आहर तथा स्वास्थ्य सुधार कार्यक्रम | १ लाख ५० हजार |
| ४ | समुदायि स्वास्थ्य इकाई सुधार कार्यक्रम | ९ लाख |
| ५ | साँघुचौर देहि गोठेनि हुँदै मिमीसम्म बाटो चंखेली ३ | २० लाख |
| ६ | मेलछाम खानेपानी चंखेली ६ | ४० लाख |
| ७ | वडा कार्यालय घेरबार तथा प्लास्टर चंखेली २ | २० लाख |
| ८ | रामशाह आ भू फिल्ड निर्माण चंखेली ४ | १५ लाख |
| ९ | खालकोट स्याङ्गला सम्म खानेपानी चंखेली ६ | १५ लाख |
| १० | थाडी जाँच्चे हुँदै बोहोरावाडा सम्म सडक चंखेली १ | १५ लाख |
| ११ | दागरुख देखि अड्डा दियारे सम्म ढल निकास चंखेली २ | १५ लाख |
| १२ | मुस्याङ्ग देखि सिम सम्मबाटो निर्माण चंखेली ५ | २० लाख |
| १३ | साउखोला देखि चुच्चेरुख हुँदै तलिगाउँसम्म सिँचाई चंखेली ६ | १५ लाख |
| १४ | भान्तालेख तटबन्धन योजना चंखेली ३ | १० लाख |
| १५ | सटेला सिचाई योजना चंखेली २ भट्टेवाडा | १० लाख |
| १६ | सिमत्रिवेणी तटबन्धन चंखेली २ | १५ लाख |
| १७ | गाडलाग्नदेखि मेखाला सम्म सडक निर्माण मेखाला चंखेली ३ | ५० लाख |
| १८ | बेफाला देखि दोबाटा सम्म घेरबाट चंखेली १ | २० लाख |
| १९ | लग्डेला सिँचाई चंखेली २ | १० लाख |
| २० | पाली खानेपानी चंखेली ४ | ४० लाख |
| २१ | मेलछाम स्वास्थ्य चौकी भवन निर्माण चंखेली ६ | २० लाख |

अन्त्यमा यो बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्ष ज्यूहरु लगायत वडा समितीहरु, राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु, वुद्धिजिविज्यूहरु, विभिन्न राजनैतिक दलका साथीहरु, नागरिक समाज, पत्रकार, प्रमुख प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सम्पूर्ण चँखेली गाँउपालिका वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।यस चँखेली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने चँखेली गाँउपालिकाका नागरिकहरु चँखेली गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचार माध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद ।।**

प्रेमकला शाही
उपाध्यक्ष
चंखेली गाउँपालिका